नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि ब्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय,

काभ्रेपलान्चोक

धुलिखेल

पत्र संख्या :२०७७/०७८ (प्रशा) चलानी नं :- ८८३६ मिति :२०७८/०१/०२

श्री राजधानी दैनिक , काठमाडौं ।
यस कार्यालयबाट प्रकाशित हकदारी सम्बन्धी सूचना यसै साथ छ। लाग्ने दस्तुर पत्र बाहक हस्ते लिनुभई सूचना प्रकाशित गरिदिनुहुन अनुरोध छ ।

फोन नं ०११-४९०१२०
०११-४९०६३४

**विषय : सूचना प्रकाशित ।**

नेपाल सरकार

**मालपोत कार्यालय काभ्रेपलाञ्चोक बाट प्रकाशित भएको हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

का.प.जि. साविक गैरीविसौना वडा नं . ३ हाल मण्डनदेउपुर न.पा.वडा नं. ६ बस्ने बङसो सार्कीको नाती ठुलो काले सार्कीको छोराहरु गोपाल सार्की,चन्द बहादुर सार्की र सिताराम रोक्का सार्कीको पत्नी ठुलो काले सार्कीको बुहारी संगिता रोक्का सार्की समेतले हामीहरुको आमा/सासू रत्नमाइ सार्की, कृष्ण बहादुर सार्की,सिताराम सार्की र हामी गोपाल सार्की र चन्द्र बहादुर सार्कीको संयुक्त नाममा मालपोत कार्यालय धुलिखेलमा दर्ता कायम रहेको निम्न अनुसारको जग्गाको जग्गा धनी रत्नमाइ सार्कीको मिति २०६४ /०६/१० मा मृत्यु भएको, कृष्ण बहादुर सार्कीको मिति २०६६/०९/१५ मा मृत्यु भएको , निजको हक खाने हकदारमा तीन वटी श्रीमतिहरुमा जेठी २०३५ सालमा बेपता भएको ,माइली श्रीमति २०३८ सालमा बेपता भएको र कान्छी श्रीमति शान्ति देवी मिजार आफ्नै कालगतिले २०७७/०९/१५ मा परलोक भएको र निजहरुबाट कुनै सन्तानको जायजन्म नभएको, सिताराम सार्कीको २०७७/०७/१३ मा मृत्यु भएको । निजहरुको हक खाने हकदारहरुमा हामी गोपाल सार्की, चन्द्र बहादुर सार्की र संगिता रोक्का सार्की हामी मात्र भएको र हाम्रा नाममा नामसारी गर्नका लागि माग निवेदन पेश हुन आएकोले सो माग निवेदन अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ॥ निजको नाममा नामसारी गर्दा अरु कसैको हक जाने भए वा निजको नाममा मात्र नामसारी हुन नपर्ने मनासीब कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र उक्त जग्गाको सम्बन्धमा आफु सँग भएको सबुत प्रमाणहरु सहित यस कार्यालयमा हकदावी गर्न आउनु होला । म्याद गुजारी बसेमा कानुन बमोजिम निवेकको नाममा नामसारी भइ जाने ब्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

| गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल | मोहीको नाम |
|---|---|---|---|---|
| गैरी विसौना | ३ | ७१५ | २-१२-२-० | जो.खा. |

**बोधार्थ :**

श्री जिल्ला प्रशासन कार्यालय, काभ्रे- सूचना टाँस गरी जानकारी पठाइदिनु हुन अनुरोध छ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रे- सूचना टाँस गरी जानकारी पठाइदिनु हुन अनुरोध छ
श्री नापी कार्यालय काभ्रे सूचना टाँस गरी जानकारी पठाइदिनु हुन अनुरोध छ
श्री मण्डनदेउपुर नगरपालिका काभ्रे - सूचना टाँस गरी जानकारी पठाइदिनु हुन अनुरोध छ

kavrepalanchowk@dolma.gov.np , kavredlro@gmail.comफोन नं011490634.,490120